

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ ३१ गते मंगलबार ❑ 14 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## समृद्ध प्रदेश निर्माणमा सरकार केन्द्रित छ : मुख्यमन्त्री पोखरेल

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

गण्डकी प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सोमबार पारित भएको छ । मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले निर्णयार्थ प्रस्तुत गरेको नीति तथा कार्यक्रम प्रदेश सभाबाट बहुमतले पारित भएको हो ।

प्रदेश प्रमुख पृथ्वीमान गुरुङले जेठ २४ गते प्रदेश सभामा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । २६ गतेबाट नीति तथा कार्यक्रममा माथि छलफल सुरु भएको हो । छलफलका क्रममा उठेका प्रश्नमाथि सोमबार मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले जवाफ दिएलगत्तै नीति तथा कार्यक्रम निर्णयार्थ प्रस्तुत भएको थियो । गण्डकी प्रदेश सभामा अहिले सभामुखलाई नगन्दा सत्ता पक्षमा ३१ सदस्य छन् । कांग्रेसका १५, माओवादी केन्द्रका १२ (सभामुख सहित), जनमोर्चाका २, जनता समाजवादीका २ र स्वतन्त्र १ सदस्य सत्ता पक्षमा छन् । प्रतिपक्षमा एमालेका २६ सांसद छन् । ६० सदस्यीय प्रदेश सभामा अहिले ५८ सदस्य कायम छन् । जनमोर्चाका कृष्ण थापाको पद पार्टीले कारवाही गरेपछि पोहोर नै गएको हो । एमालेका कृष्ण थापा पोखरा महानगरको मेयरमा चुनाव लड्न राजीनामा दिएका हुन् । संसदमा जवाफ दिँदै मुख्यमन्त्री पोखरेलले प्रदेशका सोच तथा दृष्टिकोणहरू मूलतः नेपालको संविधान, पन्ध्रौं आवधिक योजना, प्रदेशको प्रथम पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य र प्रदेशवासीको विकास चाहना तथा राजनीतिक दलहरूको विकास प्रतिबद्धता र प्रदेश सभाको मार्गदर्शन बमोजिम तय भएको बताए । कोभिड महामारीले थला पारेको आर्थिक र सामाजिक जीवनलाई सहज बनाउने तर्फ यस नीति तथा कार्यक्रमले जोड दिएको उनको भनाइ थियो । दशकौं लामो बलिदानीपूर्ण संघर्षबाट प्राप्त संघीयताको मूल आधार प्रदेश सरकार रहेको भन्दै उनले यसले आफ्नो स्थापनाको छोटो समयमा नै संघीयताको सबलीकरण, लोकतन्त्रको सुदृढीकरण र जनताको विकास आवश्यकताको सम्बोधन र संविधान प्रदत्त जिम्मेवारी निर्वाह गर्ने सवालमा उल्लेख्य उपलब्धि हासिल गरेको दाबी गरे । उनले भने, 'नेपाल सरकार र स्थानीय तहका बीचमा रहेर प्रदेश सरकारले समन्वयकारी भूमिका निर्वाह गर्ने र जनतालाई सेवा प्रवाह गर्ने सवालमा प्रदेश सरकारले महत्वपूर्ण फड्को मारेको विषय तपाईं हामीबाट छिपेको छैन ।' विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीका कारण जनस्वास्थ्यका साथै सामाजिक जनजीवन र आर्थिक क्रियाकलाप पूरै संकुचित भएको थियो । उत्पादन, वितरण तथा उपभोग प्रणालीमा असन्तुलनलाई सही अवस्थामा ल्याउनका लागि प्रदेश सरकारले क्षमता अनुसार प्रयास गरेकै छ । नागरिक जनजीवनले पुनः गति समात्नुका साथै आर्थिक क्रियाकलाप क्रमशः लयमा फर्कंदै गरेको मुख्यमन्त्री पोखरेलको भनाइ थियो । उनले भने, 'सेवा उद्योगले विस्तारै पुनर्जीवन पाउँदै छ । सरकारले निरन्तरको मेहनत र उत्कृष्ट व्यवस्थापनबाट कोभिड-१९ महामारीबाट नागरिकलाई सुरक्षित राखेको र आर्थिक तथा सामाजिक सूचकलाई पनि सामान्य अवस्थामा फर्काएको छ ।' नेपालको संविधानले निर्दिष्ट गरेको प्रदेशको एकल र साझा अधिकारको उपयोग गर्दै प्रदेशवासीप्रतिको जिम्मेवारी पूरा गर्नका लागि प्रदेश सरकार आफ्नो स्रोतसाधन र क्षमताले भ्याएसम्म क्रियाशील रहँदै मुख्यमन्त्री पोखरेलले बताए । जनताको विकासप्रतिको चाहना पूरा गर्नका लागि गण्डकी प्रदेश सरकार प्रतिबद्ध रहेको उनले उल्लेख गरे ।




सहकारिता सहअस्तित्व र समन्वयको भावनालाई आत्मसात गर्दै ३ तहका सरबारबीचको अन्तरसम्वन्धलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम तयार गरेको उनले प्रस्ट्याए । जवाफमा उनले भने, ' माननीय ज्यूहरुले नेपाल सरकार र स्थानीय तहका अधिकार क्षेत्रमा रहेका विषय वस्तुलाई नीति तथा कार्यक्रममा समेटिएको विषयवस्तु उठाउनुभएको छ । हो, हामी एकल र साझा अधिकारका सूचीमा सचेत छौं । यसका लागि आवश्यकता हो, सहकार्य र समन्वय । साझा उद्धेश्य प्राप्तिका लागि नेपाल सरकार र स्थानीय तहबीचको समन्वयकारी भूमिकाका लागि सहजीकरण गर्ने जिम्मेवारी प्रदेश सरकारको भएकाले नीति तथा कार्यक्रममा पनि यी विषयहरु समेटिएका हुन् ।'

## मुख्यमन्त्रीले बर्खास्त वा पार्टीले नबोलाएसम्म सरकारमा बस्दै भद्र अवेज्ञा गर्ने मन्त्री आचार्यको भनाइ

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

बजेट सिलिङ कम दिएको आरोपमा गण्डकी प्रदेश सरकारका एक मन्त्री सरकारमा बस्दै सरकारकै बिरोध गरेका छन्। गण्डकी प्रदेशका उर्जा, जलस्रोत तथा खानेपानी मन्त्री हरिशरण आचार्यले सरकारकै बिरोध गर्दै आफ्नो मन्त्रालयलाई कम बजेट दिएको भन्दै सार्वजनिक रुपमा सरकारको बिरोध जनाएका हुन् ।

सोमबार पोखरामा पत्रकार सम्मेलन आयोजना गर्दै मन्त्री आचार्यले संविधानको रक्षा गर्न र बाध्यताले गर्दा सरकारमा बसेर बिरोध गर्नु परेको भनाई थियो । प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०७९ र ८० को नीति तथा कार्यक्रम पास गर्न सोमबार सदनमा उपस्थित हुदै उनले सरकारमा रहेको हुनाले भद्र अवेज्ञा गर्दै सरकारमा सहभागि भएको जनाए । उनले भने "मुख्यमन्त्रीको निर्देशनमा अर्थ मन्त्रीले हामीलाई गत वर्षको तुलनामा यस वर्ष करिब ५० प्रतिशत कम बजेटको सिलिङ दिनु भयो, तर आगामी बर्षमा करिब ३६ अर्बको बजेट आउने कुरा छ, यो हामीलाई कसरी मान्य हुन सक्छ त्यसको बिरोद्ध मैले सरकारको बिरोध गर्नु परेको हो । " आगामी बर्षमा १ हजार ८ सय ६० वटा योजनाहरु माग भई आउदा कम्तिमा प्रति योजनामा २० लाखका दरले विनियोजन गर्दा पनि ३ अर्ब ७२ करोड आवश्यक पर्ने मन्त्री आचार्यको माग थियो । २ अर्ब २६ करोड ८५ लाख को बजेटले जनताबाट माग भई आएका प्रस्तावहरु पुरा गर्न कठिन हुने उनको भनाई थियो ।

मन्त्री आचार्यका अनुसार उक्त बजेट जुन चालू आर्थिक वर्ष भन्दा १ अर्ब ५२ करोड ५२ लाखले कम छ । चालू आर्थिक वर्ष भन्दा ६१ वटा कम भएको बताए ।



बजेट सिलिङ कम भयो भन्दै सरकारको विरोध गरेका मन्त्री आचार्यले पत्रकार सम्मलेन मार्फत नै गोपनियता भंग गर्दै बजेट सिलिङ सार्वजनिक गरेका हुन । उनले सार्वजनिक गरेको बजेट सिलिङमा चालू आर्थिक वर्षमा गण्डकी सरकारको बजेट ३० अर्ब रहेको र आगामी आर्थिक वर्षमा ३६ अर्ब पुग्ने उल्लेख गरे ।

मन्त्री आचार्यले बढेर बजेट आएता पनि मन्त्रालयलाई भने सिलिङ कम गरिएको भन्दै असन्तुष्टि जनाए । 'चालू आर्थिक वर्ष भन्दा ६ अर्ब बढी बजेट आउँदैछ । तर मन्त्रालयको सिलिङ चालू आर्थिक वर्ष भन्दा ६.३ प्रतिशत कम गरिएको छ । यसरी त हामीलाई काम गर्न गाह्रो पर्छ । बजेट बढेर आएपश्चात सिलिङ पनि बढ्नुपर्ने हो । सरकारको नीति बुझ्न सकिएन । आउन लागेको बजेट लोकतान्त्रिक मुल्य र मान्यता विपरित छ ।', उनले भने ।

मन्त्री आचार्य यसअघि गण्डकीका प्रमुख पृथ्वीमान गुरुङले पेश गरेको नीति तथा कार्यक्रममा सहभागी भएका थिएनन् । तर पारित हुने दिन आज भने उनको उपस्थिति थियो । नीति तथा कार्यक्रम पास भएपछि पत्रकार सम्मलेन गरेका उनले मुख्यमन्त्री र अर्थमन्त्री प्रति असन्तुष्ट समेत व्यक्त गरे ।

उनले आर्थिक वर्ष २०७८ र ०७९ को वार्षिक कार्यक्रममा छुट भएका आ.व. २०७७ र ७८ देखिका क्रमागत योजनाहरुलाई आवश्यक पर्ने बजेट १२ करोड आ.व. २०७९ र ८० को वार्षिक कार्यक्रममा प्रस्ताव गर्नुपर्ने दायित्व रहेको बताए ।

सरकारमा पनि बस्ने सरकारकै बिरोध कहिलेसम्म भन्ने पत्रकारको प्रश्नमा मन्त्री आचार्यले मुख्यमन्त्रीले बर्खास्त र पार्टीले नवोलाउदा सम्म सरकारमै बसेर भद्र अवेज्ञा गर्ने जनाए । कर्मकाण्डी पुरा हुने गरी निती तथा कार्यक्रम पास भएको जसले जनताको माग पुरा हुन नसक्ने उनको भनाई छ । प्रदेश सरकारले सम्पन्न गर्नुपर्ने एक घर एक धारा अभियान, उज्यालो प्रदेश घोषणा, बाह्रै मासे टार सिंचाई कार्यक्रम, सिंचाईमा गेम चेन्जरको रुपमा काम गर्न खोजे पनि बजेटको कारण नसक्ने अबस्थामा पुग्ने मन्त्री आचार्यको तर्क छ । सांसद र दलहरुलाई बजेट बाड्नु उचित नभएको उनको भनाई थियो । खुद्रे योजना हाल्नु नै लोकतन्त्र बिरोध गतिविधि भएको उनले जनाए ।

यसैबिच मंगलबार सदन संचालन हुने भएको सभामुख नेत्रनाथ अधिकारीले बताए । त्यसै गरी आर्थिक बर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम असार १ गते आउने भएको छ । गत बर्षको भन्दा यस बर्ष बजेटको आकार केही ठुलो हुने बताइएको छ ।

## विमानस्थल निर्माणका लागि सम्भावित स्थानको अध्ययन सुरु

पोखरापत्र संवाददाता
वालिङ, ३० जेठ

विमानस्थल निर्माणका लागि नागरिक उड्डयन प्राधिकरणले आइतबार स्याङ्जा र पाल्पाका सम्भावित स्थानको अवलोकन तथा निरीक्षण गरेको छ ।

स्याङ्जाको चापाकोट नगरपालिका र पाल्पाको रामपुर नगरपालिकाका जनप्रतिनिधि विमानस्थल निर्माणका लागि मन्त्रालयमा डेलिगेशनगएसँगैप्राधिकरणबाट इञ्जिनियरसहितको टोलीले यहाँका सम्भावित स्थानको अध्ययन अवलोकन गरेको हो ।

स्थानीय जनप्रतिनिधि तथा प्राविधिकको टोलीले स्याङ्जाको चापाकोट-८ स्थित मचेडाँडा, पाल्पाको रामपुर-६ को बिट्टार र १० को कुमाल गाउँको स्थलगत अवलोकन गरेको प्राधिकरणका इञ्जिनियर पुष्प न्यौपानेले जानकारी दिनुभयो । "यहाँका जनप्रतिनिधि स्याङ्जाको चापाकोट तथा पाल्पाको रामपुरमध्ये उपयुक्त हुने जुनसुकै स्थानमा विमानस्थल बनाउनका लागि पहल गरिदिन मन्त्रालयमा डेलिगेशन जानुभएको थियो", उहाँले भन्नुभयो, "जनप्रतिनिधि र प्राविधिकको टोलीले रामपुर र चापाकोटका सम्भावित स्थानको स्थलगत अवलोकन गरेका छौँ, प्राविधिक हिसाबले जुन उपयुक्त हुन्छ सोही रिपोर्ट मन्त्रालयमा पेश गर्ने र त्योसँगै आगामी प्रक्रिया सुरु हुने छ ।" सम्भावित स्थानको आधारभूत तथ्याङ्क सङ्कलन गरिएको उहाँले बताउनुभयो । तीन वटा ठाउँमध्ये अहिले नै यही स्थान उपयुक्त छ भन्न नसकिने भएकाले यस पछाडि विस्तृत अध्ययन प्रतिवेदन तयार पारिने उहाँले बताउनुभयो ।

"प्राविधिक दृष्टिले कुन स्थान उपयुक्त हुन्छ त्यो प्रतिवेदन आएपछि मात्रै अर्को चरणको काम सुरु हुनेछ", उहाँले भन्नुभयो, "त्यसका लागि स्थानीयस्तरबाट निर्माण कार्यका लागि राजी छौँ भनेर आएमा मन्त्रालयको सैद्धान्तिक सहमतिमा विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने, वातावरणीय प्रभाव मूल्याङ्कनका काम अगाडि बढ्नेछ ।"

स्याङ्जाको दक्षिणी भेग, पाल्पाको पूर्वी भेग र तनहुँको पश्चिमी भेगका नागरिकको सहजता र मागका आधारमा यहाँ पटकपटक विमानस्थल निर्माणको चर्चा हुँदै आइरहेको छ । रामपुर र चापाकोटका सम्भावित स्थानको अध्ययन अवलोकनका लागि प्राविधिकको टोली आएसँगै धेरै लामो समयदेखि यहाँका नागरिकले उठाएको मागलाई सम्बोधन हुने विश्वासमा स्थानीय छन् ।

## १४० दिनपछि त्रिवि सञ्चालनमा

रासस
काठमाडौं, ३० जेठ

त्रिभुवन विश्वविद्यालय (त्रिवि) को पदाधिकारी कार्यालय १४० दिनपछि


बाँकी अन्तिम पृष्ठमा ▶▶



**आगलागी हुन नदिन चनाखो बनौं ।**

***आगलागीबाट वर्षेनि अबौंको क्षति हुने गरेको छ। सावधानी अपनाउन सके जनधनको क्षति रोक्न सकिन्छ ।***

*त्यसका लागिः*

- खाना पकाईसक्ने वित्तिकै आगो, ग्यास चुल्हो, स्टोभ वा हिटर निभाईहालौं ।
- सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्यास लिक भएको छ/छैन, ध्यान दिने गरौं ।
- ग्यास वा पेट्रोलको गन्ध आए बेवास्ता नगरौं ।
- सलाई, लाईटर जस्ता आगो सल्काउने वस्तु बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं ।
- खाना पकाईसकेपछि पानी छ्यापेर आगो निभाऔं ।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं । खाएमा आगो राम्ररी निभाऔं ।
- विजुलीका तार, प्लग, स्वीच वा वायरिङ् ठीक अवस्थामा छ/छैन नियमित जाँच गरौं ।
- घरवस्ती नजिकै पोखरी, ट्याक्ती वा अरु कुनै तरिकाले पानीको जोहो गरिराखौं ।

*विपदबारे चासो राखौं, चनाखो बनौं ।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**





# विन्ध्यवासिनी क्याम्पस वाटुलेचौरद्धारा जनप्रतिनिधिहरुको स्वागत तथा बिदाइ

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० जेठ**

पोखराको वाटुलेचौरमा रहेको विन्ध्यवासिनी क्यामपसले पोखरा महानगरपालिका वडा नं. १६ का नवनिर्वाचित जनप्रतिनिधिहरुको स्वागत तथा पूर्व जनप्रतिनिधिको बिदाइ गरेको छ।



विन्ध्यवासिनी क्याम्पस संचालक समितिका अध्यक्ष दानबहादुर बानियाँको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष चित्रबहादुर थापाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । नवनिर्वाचित जनप्रतिनिधिहरुलाई खादा, अविर र मायाको चिनोद्धारा स्वागत तथा सम्मान गरिएको थियो । उक्त कार्यक्रममा आफ्नो मन्तव्य व्यक्त गर्दै क्याम्पस संचालक समितिका सल्लाहकार रामबहादुर बानियाँले क्याम्पसको आर्थिक अवस्था कमजोर रहेकोले यसलाई सहयोग गर्ने तर्फ नवनिर्वाचित जनप्रतिनिधिहरुको ध्यानाकर्षण गराउनु भएको थियो। नवनिर्वाचित जनप्रतिनिधिहरुको तर्फबाट आफ्नो मन्तव्य राख्दै वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले आफु पनि क्याम्पस संचालक समितिको सदस्यको रुपमा रही आएकोले क्याम्पसको विकासमा लागी पर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो।

सभाध्यक्षको तर्फबाट आफ्नो मन्तव्य व्यक्त गर्दै क्याम्पस संचालक समितिका अध्यक्ष दानबहादुर बानियाँले आगामी असार १८ गते शनिबार बिहान १०:०० बजे विन्ध्यवासिनी मा.वि.को सभाहलमा गण्डकी प्रदेशका भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात मन्त्री कुमार खड्काको प्रमुख आतिथ्यतामा अधिवेशन कार्यक्रम गर्ने जानकारी गराउँदै अधिवेशनलाई भव्य एवं सभ्य रुपमा सफल पार्न सबैलाई आव्हान गर्नु भयो। उक्त कार्यक्रममा क्याम्पस प्रमुख विजय शर्माले क्याम्पसको गतिविधिका बारेमा प्रकाश पार्नु भएको थियो र क्याम्पसका लेखापाल भीमबहादुर गायकले कार्यक्रम सञ्चालन गर्नु भएको थियो।

# १४० दिनपछि...

सोमबारदेखि सञ्चालनमा आएको छ। त्रिविका उपकुलपति, रजिष्ट्रार र शिक्षाध्यक्षको कार्यकक्षमा लगाइएको ताला आइतबारदेखि पूर्ण रुपमा खुलाएपछि सञ्चालनमा आएको हो।

त्रिविका रजिष्ट्रार प्रा डा पेशल दाहालले आजदेखि नियमित कार्यालय सुरु भएको बताउनुभयो। "ताला पूर्ण रुपमा हिजोदेखि खुलेपछि हामी हिजो पनि आएको थियौँ", उहाँले भन्नुभयो, "अबदेखि हामी नियमित कार्यालयमा आउँछौँ।" तालाबन्दीका कारण त्रिविका पदाधिकरी कार्यालय आएर काम गर्न सकेका थिइनन्। उहाँले झण्डै पाँच महिनादेखि रोकिएका कामलाई आजदेखि नै अगाडि बढाइने बताउनुभयो । नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ)ले यही जेठ २७ गते र गत शुक्रबार आङ्शिक शिक्षकहरुले जेठ २९ गते ताला खोलेका थिए । प्रतिनिधिसभाको बैठकमा पनि लामो समयदेखि लगाइएको ताला सांसदले खुलाउन माग गरेका थिए । यस्तै अनेरास्ववियुले यही जेठ २५ गते विज्ञप्ति निकाल्दै तीन दिनभित्र त्रिविमा लगाइएको ताला खोल्न आग्रह गरेको थियो । त्रिविका उपकुलपति, रजिष्ट्रार र शिक्षाध्यक्षको कार्यकक्षमा नेविसङ्घले गत माघ ७ गतेदेखि र आङ्शिक शिक्षकहरुले माघ २० गतेदेखि तालाबन्दी गरेका छन्।

# अम्मरसिंह र बाराही मावि अन्तर विद्यालय क्रिकेट प्रतियोगिताको फाइनलमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० जेठ**

पोखराको अम्मरसिंह खेल मैदानमा जारी ब्रेकिङ बाउण्ड्रिज एमसिसी अन्तर विद्यालय छात्र छात्रा क्रिकेट प्रतियोगिता अन्तर्गत अम्मरसिंह र बाराही मावि छात्रतर्फ फाइनलमा पुगेका छन्।




सोमबार भएको पहिलो सेमिफाइनल खेलमा अम्मरसिंह माविले भद्रकाली माविमाथि ५८ नको फकाकिलो जित निकाल्दै फाइनलमा स्थान बनाएको हो । पहिला व्याटिङ गरेको अमरसिंहले १०५ रनमा सम्पूर्ण विकेट गुमाएको थियो। खेलमा अम्मरसिंहका अशेष न्यौपानेले ४ चौका र २ छक्का प्रहार गर्दै ३३ रन बनाए। जितका लागि १ सय ६ रन पछ्याएको भद्रकाली ४८ रनमै समेटिन पुगेको थियो । भद्रकालीका सन्तोष तामाङ्गले १३ रन जोडे । खेलमा अम्मरसिंहका अशेष न्यौपाने म्यान अफ द म्याच भए। अर्को सेमिफाइनलमा बाराहीले सिद्ध माविलाई २५ रनले पराजित गरेको थियो । पहिला व्याटिङ्ग गरेको बाराहीले १७ औं ओभरमा सम्पूर्ण विकेट गुमाएर १ सय २३ रन बनायो। बाराहीका मनोज कार्कीले ३६ रन बनाए । सिद्धको वलिङमा विवेक गुरुङ्गले ३ विकेट लिए। जितका लागि १ सय २४ रनको लक्ष्य पछ्याएको सिद्धको पारी ९९ रनमा समेटिएको थियो । सिद्धको तर्फबाट अर्जुन शाहीले २६ रन जोडे। बाराहीका बलर अशोक रेग्मीले महत्वपूर्ण ४ विकेट लिए। खेलमा बाराहीका मनोज म्यान अफ द म्याच चुनिए।

# जिसस गोरखामा माओवादी केन्द्र निर्विरोध

**पोखरापत्र संवाददाता**
**गोरखा, ३० जेठ**

गोरखा जिल्ला समन्वय समितिमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का मोहनबहादुर थापा निर्विरोध चयन हुनुभएको छ।

एकल उम्मेदवारी परेपछि माओवादी केन्द्रका प्रमुख, उपप्रमुखसहित नौ सदस्य निर्विरोध निर्वाचित भएको मुख्य निर्वाचन अधिकृत दिनबन्धु बरालले जानकारी दिनुभयो । समन्वय समितिको उपप्रमुखमा लिला परियार निर्वाचित हुनुभएको छ । उहाँ सहिद लखन गाउँपालिका-९ बाट वडा सदस्यमा विजयी हुनभएको थियो । प्रमुख थापा गोरखा नगरपालिका-९ बाट वडा सदस्यमा निर्वाचित हुनुभएको थियो । समन्वय समितिको सदस्यमा मोहन ढकाल, मोहम्मद हकिम, शिवप्रसाद रेग्मी, इन्दिरा देवकोटा, प्रमिना घले, मीरा उपरकोटी र गङ्गाबहादुर वयलकोटी निर्विरोध चयन हुनुभएको छ। समन्वय समितिमा कूल २२ मतदाता थिए।

जिल्लाका ११ स्थानीय तहमध्ये माओवादी केन्द्रले नौ पालिकामा प्रमुख र ६ पालिकामा उपप्रमुख जितेको थियो । कांग्रेसले दुई पालिकामा प्रमुख र पाँच पालिकामा उपप्रमुख जितेको थियो । प्रमुख, उपप्रमुखसहित सबै सदस्यले आजै पद तथा गोपनीयताको सपथ ग्रहण गर्नुभएको छ।

# दोबिल्ला–पामे सुरुङमार्ग अध्ययन गर्न स्वीकृति

**पोखरापत्र संवाददाता**
**पर्वत, ३० जेठ**

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलले 'दोबिल्ला-घाँटीछिना-पामे सुरुङमार्ग' अध्ययनका लागि सडक विभागलाई स्वीकृति दिएको छ । प्रस्तावित सो सुरुङमार्गले पर्वत र कास्की जिल्लालाई जोड्ने जनाइएको छ।

साविक धौलागिरिका पर्वत, बागलुङ, म्याग्दीलाई प्रदेश मुकाम पोखरासँग छोटो दूरीमा जोड्नका लागि पर्वतको कुश्मा नगरपालिका-८ दोबिल्लादेखि कास्कीको पोखरा महानगरपालिकास्थित पामेसम्म सुरुङमार्ग निर्माण गरिने भएको हो । यसका लागि सम्भाव्यता अध्ययनको योजनामा समावेश गर्नका लागि मन्त्रालयले सडक विभागलाई स्वीकृति प्रदान गरेसँगै काम अघि बढ्ने छ। यही जेठ २६ गतेको सचिवस्तरको बैठकको निर्णयअनुसार विभागलाई स्वीकृति प्रदान गरिएको सो मन्त्रालयका शाखा अधिकृत रामजी घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार मन्त्रालयबाट स्वीकृत भएसँगै सडक विभागलाई काम अघि बढाउन पत्राचारसमेत गरिसकिएको छ।

सुरुङमार्ग आयोजनाको अध्ययनको काम आगामी आर्थिक वर्षबाटै सुरु हुने जनाइएको छ । सुरुङमार्ग बनेपछि ६० किलोमिटर लामो सडक जम्मा १० देखि १२ किलोमिटरमा पामे, घाटीछिनामा जोडिने भएको छ । यसका लागि आगामी आर्थिक वर्षमा मन्त्रालयले आवश्यक बजेट व्यवस्थापन गर्ने जनाइएको छ।

उक्त सुरुङमार्ग निर्माण भएपछि पर्वतबाट अहिले दुई घण्टा लाग्ने यात्रा अवधि आधा घण्टामै छोटिने अनुमान गरिएको छ।

# माछा मार्ने क्रममा दुईको मृत्यु

**पोखरापत्र संवाददाता**
**तनहुँ, ३० जेठ**

माछा मार्ने क्रममा दुईजनाको मृत्यु भएपछितनहुँको भानु नगरपालिका-२ मोहरिया गाउँ यतिबेला शोकमग्न बनेको छ।

आइतबार साँझ तनहुँमा एकै गाउँका ३५ वर्षीय धनबहादुर गुरुङ र सोही वडा निवासी २२ वर्षीय सागर गुरुङ (मामा र फुपूको छोरा) मिलेर माछा मार्ने क्रममा पौडी खेल्दा डुबेर मृत्यु भएपछि यतिबेला गाउँ नै शोकमग्न बनेको स्थानीयवासी राजेश कार्कीले जानकारी दिनुभयो।

दुवै जना आँखामा राखे पनि नबिझाउने स्वभावका थिए। उहाँले भन्नुभयो, "अझै पनि उनीहरुको तस्बीर आँखा अगाडि झलझली घुमिरहेको छ।" मृतकका आफन्तजनलाई सम्झाइबुझाइ गर्ने पनि भावविह्वल हुँदा सम्हाल्न कठिनाइ भएको छ।

भानु नगरपालिका-२ र ५ को सिमानामा पर्ने चुदीखोलामा पौडी खेल्ने क्रममा उनीहरुको डुबेर मृत्यु भएको भानु इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक प्रकाश भुसालले जानकारी दिनुभयो।

# अन्नपूर्ण पदमार्गमा घट्दै पर्यटक

**पोखरापत्र संवाददाता**
**लमजुङ, ३० जेठ**

पाँच जिल्ला जोडिएको अन्नपूर्ण पदमार्गमा पछिल्ला दिन घुम्न आउने पर्यटकको सङ्ख्या घट्न थालेको छ। हप्ता दश दिन अघिसम्म दैनिक दुईसय जना सम्मका हाराहारीमा आउने गरेको पर्यटक यतिबेला मुस्किलले ८/१० मात्र आउने गरेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच केन्द्र धारापानीका पर्यटन सहायक क्षेत्रबहादुर गुरुङले बताउनुभयो।

उहाँका अनुसार वर्षायाम सुरु हुन लागेको र बाटोहरूमा समस्या हुने, बेसिजन समय भएकाले पर्यटक घट्न थालेको हो । विश्व पर्यटन बजारका महत्वपूर्णमध्ये एक यस अन्नपूर्ण पदमार्ग मानिन्छ । यहाँ विगतमा ५००/६०० भन्दा बढी दैनिक पर्यटक आउने गरेको थियो । यही पर्यटकका कारण पर्यटन व्यवसायमा रमाउँदै आम्दानी गरेका पर्यटन व्यवसायी भने पर्यटक घट्न थालेसँगै आम्दानीमा कमी हुँदा चिन्तित हुन थालेका छन् । कोरोनाको पहिलो, दोस्रोबाट प्रभावित भएपछि दोस्रो कोरोना सङ्क्रमण जोखिम कम भएसँगै विस्तारै चहलपहल हुन थालेको पनि पुनः कोरोनाको तेस्रो लहरले पदमार्ग सुनसान भएको थियो। सोपश्चात् उक्त जोखिम कम भएपछि बढ्दै गरेको पर्यटक केही हप्ताबाट घट्दै यतिबेला न्यून आउँदा पर्यटन व्यवसायी थप मर्कामा परेको उनीहरूको गुनासो छ। अन्नपूर्ण पदमार्गका पर्यटन व्यवसयी लमजुङ मर्स्याङ्दी गाउँपालिका-४ जगतका पच्चबहादुर गुरुङले भन्नुभयो, "पर्यटकको चाप हुँदा दैनिक रु ५०/६० हजार आम्दानी हुन्थ्यो, तर अहिले पर्यटक नआउँदा आम्दानी शून्यजस्तै भएको छ। घर खर्चदेखि अन्य खर्चमा पनि यस व्यवसायबाट आम्दानी रकमबाट उपयोग गर्दै आएपनि पर्यटक नआउँदा पैसाको मुख देख्न पनि रहरजस्तै हुन थालेकोले चिन्ता बढेको उहाँको भनाइ छ। अर्का पर्यटन व्यवसायी खुसबहादुर तामाङले पनि केही हप्ताअघिसम्म दैनिक रु ४०/५० हजार आम्दानी गर्नुभएको थियो तर यतिबेला यस पदमार्गमा पर्यटक ह्वात्तै घट्दा रु चार/पाँच हजार पनि दिनमा हुन छाडेको उहाँले भन्नुभयो। उहाँहरूको मात्र होइन उहाँहरू जस्ता यस पदमार्ग आसपासका करिब तीन हजार ५०० भन्दा बढी पर्यटन व्यवसायीको समस्या पनि उस्तै छ। कोरोनाले थला पारेरमाथि उठ्दै गरेको यस क्षेत्र अब फेरि थला पर्न थालेको छ, बर्खायाम सुरु हुन लागेसँगै पर्यटक घट्दा अझै केही महिनासम्म पदमार्ग सुनसान हुने देखिन्छ । यस पदमार्गमा सबैभन्दा बढी फ्रान्स, जर्मनी, इटलीलगायतका देशका नागरिक आउने गरेको उक्त केन्द्रले जनाएको छ । केन्द्रका अनुसार अब बर्खायाम सकिएपछि आगामी भदौ १५ गतेदेखि पर्यटक बढ्न थाल्नेछन्। यस पदमार्गमा सन् २०२२ को हालसम्म चार हजार ९०० हाराहारीमा पर्यटक आएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच केन्द्र धारापानीका पर्यटन सहायक गुरुङले बताउनुभयो।

पर्यटक हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नलाई साथै मनाङबाट थुम्रापास गरी मुस्ताङ कोही पोखरा जानका लागि अन्नपूर्ण पदमार्गमा पर्यटक आउने गर्छन्। अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बैंसीसहर नगरपालिका-७ मनाङ्गे चौतारमा रहेको छ। अन्नपूर्ण पदमार्गमा लमजुङसहित कास्की, मनाङ, मुस्ताङ र म्याग्दी गरी पाँच वटा जिल्ला जोडिएको छ। काठमाडौँदेखि बैंसीसहरसम्म सवारी साधनमा पर्यटक आउने गर्दछन्।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# रासायनिक मलबारे सदनको निर्देशन

प्रतिनिधि सभाले किसानलाई रासायनिक मल उपलब्ध गराउन सम्भाव्य सबै उपाय अवलम्बन गर्न सरकारलाई निर्देशन दिएको छ । सोमबार नेकपा एमालेका सांसद विशाल भट्टराईले पेश गरेको रासायनिक मलसम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव सर्वसम्मतिले पारित गर्दै प्रतिनिधिसभाले सरकारलाई निर्देशन दिएको छ । 'कुल ग्रार्हस्थ उत्पादनमा २५ प्रतिशत योगदान दिने कृषि क्षेत्रक समस्या समधान गर्न प्राथमिकता दिँदै कृषि उत्पादन वृद्धि गर्न आवश्यक रासायनिक मल कृषकलाई सहज रुपमा उपलब्ध गराउन सम्भाव्य सबै उपाय अवलम्बन गरी कार्य सम्पादन गर्न प्रतिनिधिसभाको यो बैठक नेपाल सरकारलाई निर्देश गर्दछ' छलफलपछि प्रतिनिधिसभाले पारित गरेको प्रस्तावमा भनिएको छ ।

यो प्रस्तावलाई प्रतिनिधिसभाले सर्वसम्मतिले पारित गरेको छ । धानबाली लगाउने समयमा पनि रासायनिक मल उपलब्ध नभएको विषयमा प्रतिनिधिसभाले गम्भीर ध्यानाकर्षण भएको पनि बताएको छ । प्रतिनिधिसभाको बैठक चलिरहेको बेला कार्यसूचिमा रहेका विषय स्थगन गरेर जरुरी सार्वजनिक महत्त्वको विषयमा छलफल गरेर जल्दोबल्दो विषयमा सदनले चासो देखाएको छ । सरकारलाई रासायनिक मल ल्याउन संभव सबै उपाय अबलम्बन गर्न निर्देशन दिएको छ । 'रासायनिक मल कृषि उत्पादन वृद्धिको लागि अत्यावश्यक रहेको र हाल प्रमुख बालीकोरुपमा रहेको धान बाली लगाउने समयमा समेत रासायनिक मल उपलब्ध नभएको विषयमा यस सदनको गम्भिर ध्यानाकर्षण भएको छ । कुल ग्रार्हस्थ उत्पादनमा २५ प्रतिशत योगदान दिने कृषि क्षेत्रका समस्या समाधान गर्ने कार्यलाई प्राथमिकता दिँदै अत्यावश्यक रासायनिक मल कृषकलाई सहजरुपमा उपलब्ध गराउनका लागि संभाव्य सबै उपाय अवलम्बन गरी कार्य सम्पादन गर्न प्रतिनिधि सभाको यो बैठक नेपाल सरकारलाई निर्देश गर्दछ ।' प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सांसदले राखेको प्रस्ताव सत्तापक्षका सांसदको समर्थनमा पारित भएको छ ।

जनचासोको विषय भएको हुँदा प्रतिपक्ष र सत्तापक्षका सांसदहरु समेत गरी ४८ जनाले भाग लिएर सरकारलाई खबरदारी गरेका छन् । प्रतिपक्षी दलले ल्याएको प्रस्ताव भए पनि सत्तापक्षका सांसदले पनि रासायनिक मल अभावजस्तो किसानको सरोकारको विषयमा सरकारको ध्यानाकर्षण गराए, विपक्षीले ल्याएका राम्रो र सान्दर्भिक प्रस्तावको सत्ताधारीले नमान्ने विरालो बाँधेर श्राद्ध गर्ने शैली फेरि प्रकट भएकोले सदन स्थगनको प्रस्तावको विपक्षमा उभिनु विडम्बना हो । प्रतिनिधिसभा बैठकमा मल नपाएका किसानका कष्टका बारेमा साढे ६ घण्टा लामो छलफल भयो । देशलाई दिर्घकालीन प्रभाव पार्ने विषयमा भन्दा किसानको विषयलाई प्रतिपक्षले उठाउन सकेको छ । एमसीसीका बारेको जमेर छलफल गर्न नसकेको एमाले मलका विषय, महंगी, मुल्य बृद्धीका विषयमा प्रतिपक्षी धर्म निर्वाह गरेको छ ।

किसानले मल नपाएर भौतारिरहेको बेला कृषिमन्त्री मन्त्री विदेश भ्रमणमा गएको भन्दै कृषिमन्त्री विरुद्ध खनिएका सांसदहरुले मल खरिदमा भ्रष्टाचार भएको समेत आरोप लगाउने मौका सरकारले दिएको छ । धानबाली लगाउने मूख्य सिजनमा अघिल्ला वर्षहरु जस्तै रासायनिक मल अभाव हुँदा खाद्य संकट आउने चिन्ता छ । मनसुन छिटै सक्रिय हुँदा किसान धान रोप्न उत्साहित भइरहेका छन्, । यही बेलामा मल नपाउँदा किसान निराश छन् । दुई वर्षअघि पनि ठेकेदारले सम्झौता अनुसार मल नल्याएपछि देशभर रासायनिक मल अभाव भएको थियो । धानमा राख्ने बेलामै मल अभाव भएपछि तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले बंगलदेशसंग पैंचोमा ५० हजार मेट्रिकटन मल मागेका थिए । १६ भदौ २०७७ मा दुई देशका प्रधानमन्त्री बीच मल पैंचोको सहमति भए पनि उक्त मलको पहिलो खेप त्यसै वर्षको १८ फागुनमा आएको थियो ।

कृषि सामाग्री कम्पनीकाअनुसार मल खरिद सम्झौता, प्याकेजिङ र ढुवानी ठेक्काका कारण मल नेपाल आइपुग्न ६ महिना लागेको थियो । अघिल्लो वर्षको भदौमा खरिद थालिएको मल पछिल्लो वर्षको असारमा पूर्ण मात्रामा नेपाल आएको थियो । विगतबाट पाठ सिकेर कदम नचाल्नु सरकारको कमजोरी हो । राज्य संयन्त्र कसरी चलेको छ भन्ने ज्वलन्त उदाहरण हो । सांसदले गरेको प्रश्नको जवाफ दिँदै कृषि तथा पशुपंक्षी विकास मन्त्री महेन्द्र राय यादवले ठेक्का सम्झौताअनुसार मल नआएको विवशता दर्शाए । कृषि सामग्री कम्पनी लिमिटेडले टेन्डर गरेको एक लाख पाँच हजार मेट्रिक टन र साल्ट ट्रेडिङ कम्पनीले एक लाख १७ हजार मेट्रिक टन रासायनिक मल ल्याउने प्रक्रिया सुरु भएको तर समयमै ल्याउन नसकिएको मन्त्रीको भनाइले नै सरकारी पारालाई छर्लङ्ग पार्दछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | शत्रुको भय | तुला | अप्रत्यसित लाभ |
| वृष | क्षमेला बढ्ने | वृश्चिक | आर्थिक समस्या |
| मिथुन | कार्यमा सफलता | धनु | मन चञ्चल |
| कर्कट | सहयोग मिल्नेछ | मकर | मानसिक तनाव |
| सिंह | सत्कार मिल्नेछ | कुम्भ | शारीरिक क्षमेला |
| कन्या | सम्मान मिल्नेछ | मीन | व्यापारमा लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# प्रश्नपत्र हुबहु : त्रिविद्वारा छानविन समिति गठन

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

त्रिभुवन विश्वविद्यालय (त्रिवि)को परीक्षामा सोधिने प्रश्नपत्रका सम्बन्धमा छानविन समिति गठन गरेको छ ।

रजिष्ट्रार तथा केन्द्रीय परीक्षा समितिका अध्यक्ष प्रा डा पेशल दाहालले प्रश्नपत्र हुबहु सम्बन्धमा छानविन गर्न समिति गठन गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार प्राध्यापक घनश्याम भट्टराईको संयोजकत्वमा तीन सदस्य छानविन समिति गठन गरिएको छ । रजिष्ट्रार प्रा डा दाहालले छानविन समितिले एक हप्ताभित्र प्रतिवेदन बुझाउन भनिएको बताउनुभयो । त्रिविको स्नातकोत्तर तह मानविकी तथा समाजशास्त्र सङ्कायको परीक्षाका दुई विषयको प्रश्नपत्रमा हुबहु देखिएपछि त्रिविले छानविन समिति गठन गरेको हो ।

मानविकी सङ्कायले जेठ १८ गते स्नातकोत्तर तह तेस्रो सेमेष्टरको अर्थशास्त्र विषयअन्तर्गत 'पब्लिक इकोनोमिक्स' र जेठ २३ गते स्नातकोत्तर तहको राजनीतिशास्त्रको पहिलो सेमेस्टरको 'इन्टरनेशनल पोलिटिक्स' विषयको प्रश्नपत्र अघिल्लो वर्षको प्रश्नपत्रसँग हुबहु मिलेको थियो । ६० पूर्णाङ्कको उक्त विषयको परीक्षामा १३ प्रश्न अघिल्ला दुई बर्षको हुबहु मिलेको छ ।

त्रिविले विज्ञ समूहलाई प्रश्नपत्र बनाए पनि प्रश्नपत्र सेट गर्नेको लापरवाहीका कारण अघिल्लो बर्षको प्रश्नपत्र दोहरिने गर्दछ ।

# २१ खानेपानी योजनालाई आठ करोड बजेट

पोखरापत्र संवाददाता
बागलुङ, ३० जेठ

बागलुङका २९ खानेपानी योजनाका लागि रु आठ करोड विनियोजन गरिएको छ ।

आर्थिक वर्ष २०७९/८० का लागि सङ्घ र प्रदेश सरकारबाट कार्यान्वयन हुनेगरी २९ योजना छनौटमा परेर बजेट विनियोजन भएको छ । योजनामा रु १० लाखदेखि रु एक करोडसम्म विनियोजन गरिएको छ ।

छनोटमा परेकामा केही क्रमागत र केही नयाँ योजना छन् । बागलुङ क्षेत्र नम्बर २ का सङ्घीय सांसद तथा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलका अनुसार सङ्घमार्फत कार्यान्वयनमा जाने तीन ठूला आयोजना र प्रदेशमार्फत कार्यान्वयन हुने साना खानेपानी आयोजनाका लागि रु आठ करोड ८५ लाख विनियोजन गरिएको छ । सङ्घीय सरकारबाट कार्यान्वयनमा जाने जलजला बृहत खानेपानी आयोजना बडिगाड गाउँपालिकालाई रु एक करोड, जसपुर घामपानी मसरा खानेपानी आयोजना गलकोट नगरपालिकाको लागि रु एक करोड र गलकोट बृहत खानेपानी आयोजनाका लागि रु ५५ लाख ५० हजार विनियोजन भएको सङ्घीय सांसद देवेन्द्र पौडेलले जानकारी दिनुभयो । प्रदेशमार्फत कार्यान्वयन हुने बुर्तिबाङ खानेपानी आयोजनाका लागि रु २० लाख, ग्वालिचौर खानेपानी आयोजनाका लागि रु २० लाख, बडिगाड-७ गाँव छाप खानेपानी आयोजनाका लागि रु ३० लाख, बोंगादोभान १, २, ४ र ८ खानेपानी आयोजनाका लागि रु ३० लाख, चौराह लिफ्ट खोनपानी आयोजना दुदिलाभाटी गलकोटका लागि रु ३० लाख, खुंगा ६ र ७ खानेपानी आयोजनाका लागि रु १० लाख, खुंखानी कुनाखिर मुहान खानेपानी आयोजनाका लागि रु १० लाख विनियोजन भएको छ । कतिपय नयाँ भए पनि अधिकांश क्रमागतअन्तर्गतका आयोजनालाई निरन्तरता दिनका लागि बजेट विनियोजन गरिएको छ ।

दुदिलाभाटी खानेपानी आयोजनाका लागि रु ३० लाख, दुरामारे खानेपानी आयोजनाका लागि रु ३० लाख, बुर्तिबाङ २ र ३ पम्पिङ खानेपानी आयोजनाका लागि रु ३० लाख, अर्नाकोट २ र ३ खानेपानी आयोजनाका लागि रु १० लाख, भुल्केपानी खानेपानी आयोजनाका लागि रु ५० लाख, रिघा पाण्डबखानी १ र २ खानेपानी आयोजनाका लागि रु ३० लाख, ओरलधारा खानेपानी बडिगाड-९ आयोजनाका लागि रु ३० लाख तथा पुलिङ्ग दांगाचौर खानेपानी बडिगाड-९ आयोजनाका लागि रु १० लाख विनियोजन गरिएको छ । यस्तै भारखोला खानेपानी खुंगा १,२ र ३ आयोजनाका लागि रु १० लाख, अधिकारी चौर खानेपानी आयोजनालाई रु ३० लाख, हरिचौर खानेपानी आयोजनामा रु १० लाख, ओखरबोट खानेपानी आयोजनामा रु २५ लाख, बोबाङ खानेपानी आयोजनामा रु ५० लाख, मल्म दोस्रो खानेपानी आयोजनामा रु ३० लाख, तमान खानेपानी आयोजनामा रु १० लाख, नौलिसे खानेपानी आयोजना ४ देखि ७ वडाका लागि रु १० लाख, बोहोरागाउँ खानेपानी आयोजनाका लागि रु २० लाख, हल्पुखोला खानेपानी आयोजनाका लागि रु ३० लाख र बोबाङ-९ अधिकारीचौर खानेपानी आयोजनाका लागि रु ३५ लाख विनियोजन गरिएको छ ।

# मेघ गर्जन, चट्याङसहित वर्षाको सम्भावना

रासस
काठमाडौं, ३० जेठ

देशभर आँशिकदेखि सामान्य बदली रही केही स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा हुने भएको छ ।

देशको प्रदेश नं एक, मधेस प्रदेश, बागमती र गण्डकी प्रदेशमा मनसुनी वायुको सामान्य प्रभाव र अन्य प्रदेशका भू-भागमा स्थानीय वायुको तथा भारतको उत्तर प्रदेश र बिहारमा रहेको पूर्व-पश्चिमी न्यून चापीय रेखाको प्रभाव रहेको जल तथा मौसम विज्ञानले जनाएको छ ।

विभागका अनुसार सो प्रणालीको प्रभावले प्रदेश नं १, बागमती र गण्डकी प्रदेशमा सामान्य बदली तथा बाँकी भू-भागमा सामान्यदेखि आंशिक बदली रही प्रदेश नं १, बागमती र गण्डकी प्रदेशका केही स्थान तथा मधेस प्रदेश र कर्णाली प्रदेश लगायत लुम्बिनी प्रदेशका पहाडी भू-भागका थोरै स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

# मानवअधिकार रक्षामा ध्यान पुगेन

पोखरापत्र संवाददाता
बागलुङ, ३० जेठ

आगामी असार १० गतेसम्म बागलुङका सबै स्थानीय तहले आफ्ना नीति तथा कार्यक्रम र आगामी वर्षको बजेट ल्याउँदैछन् ।

स्थानीय सरकार गठनपछिको दोस्रो कार्यकालको सुरुआत गरेका जनप्रतिनिधिले ल्याउन लागेको यो पहिलो बजेट हो । बागलुङका स्थानीय तहले विगतमा निर्माण गरेका नीति तथा कार्यक्रम र बजेटमा मानवअधिकार प्राथमिकतामा नपरेका विषयमा गुनासो आउन थालेका हुन् । सडक र भवन बनाउने कामलाई मात्रै विकास भएको मान्ने धारणा कारण मानवीय विकास हुन नसकेको सरोकारवालाको गुनासो छ । "मानवीय विकासभन्दा डोजरे विकासमा स्थानीय तहको ध्यान छ", मानवअधिकार समाज गण्डकी प्रदेश सदस्य लक्ष्मी जिसी कार्कीले भन्नुभयो, "संविधानले व्यवस्था गरेका, कानून बनेका विषयमा नजिकको सरकारले ध्यान दिनुपर्छ ।" मानवअधिकारको रक्षाका लागि सरकारले कार्यक्रम बनाएर कार्यान्वयन गर्दा मात्रै मानव अधिकारको रक्षा र प्रवर्द्धन हुने उहाँले बताउनुभयो ।

"स्थानीय तहले काम गरेर देखाउने नै हो भने मानव अधिकारका क्षेत्रमा पहिलो काम समान श्रमको समान ज्याला कायम गरेर देखाउन जरुरी छ", उहाँले भन्नुभयो, "व्यवस्थाले मात्रै मानव अधिकारको रक्षा हुँदैन, व्यवहार र अवस्था परिवर्तन हुनुपर्‍यो ।"

'मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि सञ्चारकर्मीको भूमिका' विषयमा पत्रकार महासङ्घ बागलुङ र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा सहभागीले सफा पानी पाउने, स्वच्छ हावा पाउने जस्ता नागरिकका नैसर्गिक अधिकारबाट समेत सर्वसाधारण बञ्चित भएको भन्दै ससाना कामबाट प्राप्त हुने मानव अधिकारका लागि स्थानीय सरकार जिम्मेवार बन्नुपर्ने बताउनुभयो । "जातीय विभेद, लैङ्गिक विभेद जस्ता जघन्यमानवअधिकारउलङ्घनका घटना रुपान्तरित भएका छन्", अधिवक्ता राम शर्माले भन्नुभयो । सञ्चारमाध्यमले उठान गर्ने विषय, मानव अधिकारविरुद्ध भएका घटनामा सञ्चारमाध्यमले पुऱ्याउने आँखा र सञ्चारकर्मीको सक्रियताले अधिकारप्राप्तिमा सहयोग गरेको सहभागीको धारणा थियो । बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले मानव अधिकार रक्षाका लागि बागलुङ नगरपालिका सदैव जिम्मेवार रहेको बताउनुभयो । सहायकप्रमुख जिल्ला अधिकारी गणेशप्रसाद पौडेलले विकासोन्मुख देशमा मानवअधिकार हननका घटना धेरै हुने गरेको भन्दै समुदायमा सचेतनाको खाँचो औंल्याउनुभएको थियो । कार्यक्रममा राससका धौलागिरि संयोजक राम थापाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

# रघुगङ्गामा सफ्टवेयरबाट रसिद

पोखरापत्र संवाददाता
म्याग्दी, ३० जेठ

म्याग्दीको रघुगङ्गा गाउँपालिकाले सूचना प्रविधिको प्रयोग गरेर सेवा प्रवाहमा सुधारको प्रयास गरेको छ ।

सफ्टवेयरबाट राजस्वको बिल काट्ने, अभिलेखलाई सर्भर बनाएर भण्डारण गर्ने, विद्युतीय माध्यमबाट व्यक्तिगत घटना दर्ता, कार्यालयमा उपस्थित भएर औंठाछाप लगाउनुपर्ने बाहेकका सेवाका लागि इमेलबाट निवेदन लिने र सेवा दिने गरेको हो । सूचना प्रविधिको प्रयोगबाट सेवा प्रवाहलाई छिटो, छरितो, व्यवस्थित, सरलीकृत र पारदर्शी बनाउने प्रयास गरिएको प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो ।

"गाउँपालिका र वडा कार्यालयले सेवा शुल्कको रसिद सफ्टवेयरबाट काट्ने गरिएको छ", उहाँले भन्नुभयो, "वडा कार्यालयले हरेक १०/१० दिन र गाउँपालिकामा सङ्कलित राजस्व भोलिपल्ट बैंकमा दाखिला गरेर रसिद सफ्टवेयरमा अपलोड गर्छन् । तोकिएका समयमा राजस्व जम्मा नगरेसम्म रसिद काट्न सफ्टवेयरले नै दिदैन ।"

गत आर्थिक वर्षमा रु छ लाख ७१ हजार ५०० सङ्कलन भएको सिफारिस दस्तुरबाट चालू आर्थिक वर्षमा रु १६ लाख आम्दानी हुने अनुमान गरिएकामा जेठ २० गतेसम्म रु ३१ लाख ८६ हजार ८५४ सङ्कलन भएको लेखा अधिकृत खगराज सुवेदीले बताउनुभयो ।

रघुगङ्गाले बनाएको सर्भरमा सार्वजनिक गर्न मिल्ने कार्यपालिका, गाउँसभाका निर्णय र भुक्तानीको बिलकोसमेत भण्डारण गर्ने काम सकिएपछि आम नागरिकको पहुँच हुनेछ । औंठाछाप आवश्यक नपर्नेबाहेकको सिफारिसका लागि इमेलमा निवेदन पठाउने र सेवाग्राहीले इमेलबाटै सिफारिस उपलब्ध गराउन थालेको छ ।

सिफारिस, उपभोक्ता समितिलगायत विभिन्न काम लिएर आउने सेवाग्राहीले गाउँपालिकामा दिनुपर्ने निवेदनको नमूना विकास गरिएको छ । आफ्नै भवनबाट सञ्चालन भएको रघुगङ्गामा सेवाग्राहीले भर्ने सन्तुष्टि फारममा दिने सुझाव विश्लेषण गर्ने संयन्त्र बनाइएको छ । कार्यालयको सुरक्षा र निगरानीका लागि सिसीटिभी जडान, म्यानुअलका अतिरिक्त विद्युतीय हाजिरी मेसिन प्रयोगमा ल्याएका छन् । आठवटै वडा कार्यालयमा पूर्वाधार, कृषि र पशु सेवाका प्राविधिक वडा कार्यालयमै बसेर सेवा दिन थालेका छन् ।

वडा सचिव नहुँदा ४, ६ र ७ नम्बर वडामा स्वास्थ्यकर्मीले पञ्जाधिकारीका रुपमा काम गरेका छन् । कर्मचारीको सेवासुविधाको विषय समेटेर कार्यक्रम सञ्चालन निर्देशिका बनाएको रघुगङ्गाले बेरुजु असुल उपर गर्न घरदैलो अभियान चलाउने तयारी गरेको छ । असुल गर्नुपर्ने बेरुजु भएकाको घरमै गएर भेट्ने र फछ्र्योट गर्नेलाई सम्बन्धित ठाउँमै प्रमाणपत्र दिने गरी कार्यक्रम बनाएको प्रशासकीय अधिकृत सुवेदीले बताउनुभयो । कूल रु ९३ लाख ७१ हजार २४५ बेरुजु रहेको छ । रु २६ लाख १३ हजार ८७२ असुल गर्नुपर्ने, रु ६० लाख १९ हजार ८८३ प्रमाण पेश गर्ने र रु सात लाख ३७ हजार ४९० पेस्की बेरुजु छ ।

उपभोक्ता समितिमार्फत भएका केही योजनामा तोकिएको दररेटभन्दा कम दरमा काम हुँदा पनि बेरुजु औंल्याइएको छ । चालू आर्थिक वर्ष २०७८/७९ मा १६० वटा योजनामध्ये १४० सम्झौता र ८७ वटा सम्पन्न तथा २० वटा सम्झौता हुन बाँकी छन् ।


## सर्टिफिकेट हरायो

मिति २०७८/०५/१७ गतेको दिन हेम्जाबाट पृथ्विचोक सम्म जाँदा मेरो निम्न व्यहोरा भएको SLC, तथा +2 को सर्टिफिकेट तथा मार्कसिट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरीचौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : रश्मी पौडेल
ठेगाना : धिताल, कास्की
SLC रजिष्ट्रेशन नं. : 7041186016
SLC Symbol No : 0417886 N
HSEB रजिष्ट्रेशन नं. : 724017211
HSEB symbol No : 24002406
सम्पर्क नं. : ९७४२४४१२६३, ९८०३०४८६२५


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २९ पृथ्वीराज मार्ग विन्ध्यवासिनी पेट्रोल पम्पदेखि ओमकारेश्वर मन्दिर जाने सडकसँग जोड्ने सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः** पृथ्वीराज मार्ग विन्ध्यवासिनी पेट्रोल पम्पदेखि ओमकारेश्वर मन्दिर जाने सडकसँग जोड्ने सडक

**स्थानः** पोखरा-२९, भण्डारढिक

**योजना सम्झौता मिति :** २०७८/१२/१६ गते

**योजना सुरु हुने मिति :** २०७८/१२/१८ गते

**योजना सम्पन्न मितिः** २०७९/०२/२५ गते

**योजनाको कुल लागत :** रु. १४,२९,०५६.१८ ।–

**महानगरपालिकाबाट प्राप्त हुने रकम :** रु.१०,००,००० ।–

**उपभोक्ता समितिबाट :** रु. ४,२९,००० ।–

**उपभोक्ता समिति अध्यक्षः** सूर्य बहादुर बि.कि.

**उपाध्यक्षः** खिम बहादुर सुनार **सचिवः** दिपा पुन,

**कोषाध्यक्षः** लालकुमार जुंजाली **सदस्यः** जमुना भण्डारी

**पृथ्वीराजमार्ग विन्ध्यवासिनी पेट्रोल पम्पदेखि ओमकारेश्वर मन्दिर जाने सडक प्रगति शान्ति टोल-१ पोखरा-२९, भण्डारढीक**

# वडा नं. १० मा जिरो वेस्ट बृहत सरसफाइ अभियान उद्घाटन

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ



पोखरा महानगर पालिका वडा नं १० को क्षेत्र नं. ३ मा रहेको १२ वटा टोलमा वडा स्तरीय जिरो वेष्ट बृहत सरसफाइ अभियान २०७९ एक कार्यक्रम को आयोजना गरी टोल बिकास सस्था र आमा समुह का १०५ जना पदाधिकारी सदस्यहरू को उपस्थितिमा सरसफाइ अभियन्ता सम्मर बहादुर श्रेष्ठले सरसफाइ अभियान कार्यक्रममा उपस्थित करिब ७० जना सहभागीहरू लाई जिम्बको बेर्ना र कुरीलोको बिउ बितरणका साथ ५०% सहयोगमा कम्पोष्ट मल बनाउने ड्रम र रू ७० हजार पर्ने बायोग्यास प्लान्टलाई अन्य सरकार बाट अनुदान र रू १० हजार मा उपलब्ध गराइदिने बताउनु हुदै शुभ लालीगुराँस क्याटरिङ्ग सर्भिसको सभाहल मा उद्धाटन सम्पन्न गर्यो।

वडा स्तरिय जिरो वेष्ट बृहत सरसफाइ अभियान २०७९ उद्घाटन कार्यक्रममा पोखरा महानगर पालीका वडा नं १० का वडा सदस्य परमेश्वर बहादुर कार्कीको प्रमुख अथितीमा ब्यानरमा हस्ताक्षर र सरसफाइ सम्बन्धी पुस्तक बिमोचन गरि कार्यक्रमको उद्घाटन गर्नुहुदै वडा नं १० मा वडा समिति कार्यालय वडा नं १०, नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखा र हेरालो प्रतिष्ठान पोखराको त्रिपच्छिय सहभागिता र सकृयतामा वडा नं १० को १२ वटा टोलका ५ सय घरका करिब ६ सय जनालाई समेटि फोहरलाई बर्गिकरण गरि बिक्री हुने र कम्पोष्ट मल बन्ने फोहर को पहिचान गरि वडा बाटनै जिरो वेष्टमा लैजाने सोच ल्याई काम गरेकोमा दुबै सस्थालाई धन्यबाद दिनुहुदै यस्ता बाताबरण संरक्षण गर्ने काममा वडाले सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गर्नुहुदै सफलताको शुभ कामना ब्यक्त गर्नुभयो।

वडा नं १० का टोल बिकास सस्था र आमा समुहका पदाधिकारीहरूलाई उपस्थित गराई उक्त वडा स्तरिय जिरो वेष्ट सम्बन्धि बृहत सरसफाइ अभियान उद्धाटन कार्यक्रममा उपस्थित पोखरा महानगर पालिका सरसफाइ शाखाका शाखा प्रमुख कल्पना बरालले हिजोको पोखरा आजको पोखरा र भोलिको पोखरा कस्तो बनाउने भन्ने बारेमा हामी सबै सचेत हुनुपर्ने र घरबाट फोहर कसरी निस्कन्छ र कसरी ब्यबस्थापन गर्न सकिन्छ भन्ने जानकारी दिनुहुदै जैविक फोहोर ६० %, पुन प्रयोग हुने ३५%, र ल्यान्डफिल ५% फोहोर निस्कने बताउनुहुदै फोहरलाई श्रोतमै घटाउन सकिने र सामान खरिद गर्न जादा सकेसम्म प्लास्टिकका सामान कम प्रयोग गर्ने बताउनु भएको उक्त कार्यक्रममा हेरालो प्रतिष्ठान पोखराका निबर्तमान अध्यक्ष रोस गुरुङ्गले आ आफ्नो घर आग्रह र टोल सफा सुग्घर राख्नुनै सभ्य नागरिकको पहिचान हो भन्ने नाराका साथ वडा न १० लाई पोखराको नमुना वडा बनाउन सबै टोलबासीहरूले आ आफ्नो घरबाट फोहरलाई बर्गिकरण गरी मोहरमा परिणत गर्न लागी पर्नुपर्ने डकुमेण्टि समेत प्रशिक्षण दिनु भएको कार्यक्रममा बायोग्यास प्लान्ट निर्माण कम्पनीका डाइरेक्टर शेसन शाक्यले शहरी क्षेत्रको ६५% कुहिने फोहोर व्यवस्थापन गर्न बायोग्यास प्लान्ट ले सहयोग गर्ने बताउनु हुदै उक्त बायोग्यास प्लान्ट जडान ले दुइ तर्फ फाइदा हुनेभन्दै झोल मल र ग्यास बाट आगो बाली दाल भात दुध चिया पकाउन सकिने बताउनुहुदै बायोग्यास प्लान्ट घरघरमा फिटिङ्ग गर्नाले श्रोतमै फोहर कम हुने बिषय मा सबैलाई प्रशिक्षण दिनुभयो।

वडा स्तरिय जिरो वेष्ट बृहत् सरसफाई अभियान २०७९ मा पोखरा महानगरपालिका वडा नं १०, नेपाल रेडक्रस सोसाईटी पोखरा १० र हेरालो प्रतिष्ठान पोखराको सहयोगमा संचालित वडा स्तरिय सरसफाई अभियान कार्यक्रममा अन्तरक्रिया गर्दै नबुझेका कुरा बुझाउदै संचालन गरिएको उक्त प्रशिक्षण कार्यक्रममा वडा नं १० का निबर्तमान वडा सदस्य दिपक बहादुर थापा, पोखराका सरसफाई उभियन्ता एवं समाज सेबी चन्द्र प्रसाद गुरुङ्ग, वेष्ट मेनेजमेण्ट रि साईकलिङ्ग प्रा. लि का प्रोप्राइटर बिष्णु शर्मा, सिष्टिटोल बिकास सस्थाका अध्यक्ष चुत्र बहादुर थापा, कामना टोल आमा समुह का अध्यक्ष सिमा गुरुङ्ग, अन्नपूर्ण मार्ग ए टोल विकास सस्थाका सचिव बिन प्रसाद गुरुङ्ग लगायतका सहभागी हरूले आ आफ्नो बिचार ब्यक्त गर्दै यो अभियान अभियानमा मात्रै सीमित गर्न नहुने भन्दै टोल टोल बाट सक्रिय हुनुपर्ने धारणा ब्यक्त गरेका थिए।

वडा नं १० का निबर्तमान वडा सदस्य एव सरसफाइ अभियानका संयोजक समर बहादुर श्रेष्ठले सरसफाइ कार्यक्रमको वारेमा जानकारी गराउदै वडा लाई जिरो वेष्ट बनाउन हामि मात्र लागेर हुन नसक्ने हुदा उक्त अभियान सफल बनाउन सबै वडाका टोल बासीहरु एकजुट भै लाग्नु पर्ने बताउनुहुदै हाम्रो वडा राम्रो वडा सफा वडा बनाउने सोचका साथ यो अभियान शुभारम्भ गरिएको अभियान को पहिलो चरणमा वडा नं १० को ३ न क्षेत्रका नागिनटोल , जनप्रिय टोल, हिमाली टोल, सम्बृधी टोल , मिलन टोल,सिमल बोट मार्ग, सिष्टिटोल, सुनकोशी, शिब नगर टोल, लखन टोल, शुभराज्य टोल र बेथानी टोल गरी १२ वटा टोलका पाच सय घरपरिवार लाई समेटी जिरो वेष्ट बृहत सरसफाइ अभियान सुचारू गरिने सम्मर बहादुर श्रेष्ठले बताउनु भयो।

उक्त सरसफाइ अभियान उद्धाटन कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पोखरा १० का उप सभापति एवं कार्यक्रम संयोजक जीवन श्रेष्ठले स्वागत गरेको कार्यक्रम उपशाखाका सचिव सुर्य बहादुर बानियाले संचालन गर्नुभएको थियो।

# मनसुन प्रतिकार्य योजना स्वीकृत

रासस
काठमाडौं, ३० जेठ

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०७९ स्वीकृत गरेको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिका अध्यक्ष एवं गृहमन्त्री बालकृष्ण खाणको अध्यक्षतामा आज सिंहदबारमा बसेको १३औँ बैठकले कार्ययोजना स्वीकृत गर्दै प्रभावकारी कार्यान्वयनका लागि कमाण्ड टोली गठन गरेको हो।

कार्ययोजनामा यस वर्षको मनसुनजन्य विपद्को जोखिम अवस्थाको विश्लेषण तथा प्रभाव आँकलन, मन्त्रालयगत तथा विषयगत क्षेत्रको जिम्मेवारीका साथै आपतकालीन सञ्चालन कोष तथा सामग्रीको मौज्दात विवरण समेटिएको छ।

दुई खण्डमा बाँडिएको कार्ययोजनाको पहिलोमा जोखिमको अवस्था विश्लेषण तथा प्रभाव आँकलन, विगतका मनसुनको पूर्वतयारी तथा प्रतिकार्यको समीक्षा र मन्त्रालय तथा विषयगत क्षेत्रको जिम्मेवारी समेटिएको छ।

दोस्रो खण्डमा सङ्घीय मन्त्रालय तथा निकाय र विषयगत क्षेत्रको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना समावेश छ। कार्ययोजनाकोप्रभावकारीकार्यान्वयन गर्न र मनसुनजन्य विपद्को व्यवस्थापनलाई कार्यान्वयन तहमा प्रभावकारी समन्वय तथा सहकार्य गर्न मनसुन अवधिभरका लागि बैठकले गृह मन्त्रालयको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाका प्रमुख प्रदीप कोइरालाको संयोजकत्वमा मनसुन प्रतिकार्य कमाण्ड टोली गठन गरेको छ। टोलीमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, जल तथा मौसम विज्ञान विभाग, सडक विभाग र जलस्रोत तथा सिँचाइ विभागका प्रतिनिधि सहभागी छन्।


नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, पोखरा

आर्थिक प्रस्ताव खोलिने बारेको सूचना

प्रकाशित मितिः २०७९/०२/३१

यस कार्यालयबाट मिति २०७९/०१/२६ मा e-procurement portal https://bolpatra.gov.np/egp/ र राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार IFB No. : LIDPO-GAN-NCB-01/078/79 अन्तर्गतका प्याकेजहरुका लागि दाखिला भएका बोलपत्रहरुको प्राविधिक मूल्याङ्कन पश्चात तपसिलका बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही भएकोले उक्त बोलपत्रहरुको आर्थिक प्रस्ताव मिति २०७९/०३/०७ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने ब्यहोरा सार्वजनिक खरीद नियमावली २०६४ (संशोधन समेत) को नियम ३१(ङ)५ को प्रयोजनार्थ सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

तपशिल

| ठेक्का नं. | प्राविधिक मूल्यांकनमा उत्तिर्ण बोलपत्रदाताहरु |
|---|---|
| LIDPO-GAN-CTP-01/078/79 | 1. B.L.T. Construction Pvt. Ltd., Kohalpur-03, Banke |
| LIDPO-GAN-CTP-02/078/79 | 1. Jay Nepal Ishwor Nirman Sewa Pvt. Ltd., Chapakot-05, Syangja<br>2. Gorkha Construction Pvt. Ltd., Ramechhap |
| LIDPO-GAN-CTP-03/078/79 | 1. I.D./Swarnim JV, Pokhara-05, Kaski |
| LIDPO-GAN-CTP-04/078/79 | 1. Thani Nirman Sewa Pvt. Ltd., Kathmandu |


# बाढीको एक वर्ष:विपद्को भयले मनाङवासीलाई अझै झस्काउँछ

रासस
मनाङ, ३० जेठ

मनसुन नेपालमा भित्रिसकेको छ। मनसुनको सुरुआत भएसँगै वर्षा भएपछि प्राकृतिक विपत्ति पनि बढ्दै गएको छ।

गत वर्ष जेठ र असारमा मर्स्याङ्दी नदीमा आएको बाढीका कारण हिमाली जिल्ला मनाङका विभिन्न क्षेत्रमा क्षति पुगेको थियो। गत वर्षको ३१ जेठ र असारको पहिलो साता मर्स्याङ्दी नदीमा आएको बाढी प्रभावितलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सकिएको छैन। बाढीबाट क्षति पुगेका बाढी प्रभावितको आवास तथा बाढीले क्षति पुगेको संरचनाको निर्माण एवं पुनर्निर्माण गर्न सकिएको छैन।

विशेषगरी गत वर्ष बाढीले नार्सों गाउँपालिकाका विभिन्न गाउँमा बढी क्षति पुऱ्याएको थियो। गत वर्षको बाढीका कारण घरबारविहीन भएका मनाङ नार्सों गाउँपालिकाको सिरानताल र तालगाउँका प्रभावित पुराना आवासलाई सरसफाइ गरेर बस्न बाध्य छन्। मनसुनको सुरुआत भएपछि बाढी प्रभावित भयमा बस्न बाध्य छन्। मनाङको सदरमुकाम चामे नै मर्स्याङ्दी नदीको जोखिम रहेको छ। नदीमा आएको बाढीले चामेको विद्यालयलगायत विभिन्न सार्वजनिक संरचनामा क्षति पुऱ्याएको थियो। बाढीले क्षति पुऱ्याएका संरचनाको हालसम्म पनि मर्मत सकिएको छैन। वर्षामा बाढीको त्रास छ भने जाडोमा चिसोले बाढी प्रभावित सकसमा जीवन जिउन बाध्य छन्। हिउँदको चिसो कठ्याङ्ग्रिँदै कटाएका बाढी प्रभावितका लागि सुरक्षित आवाससहित बस्ती स्थानान्तरणको पर्खाइमा छन्। बाढीका कारण विस्थापित तालगाउँ र सिरानतालका स्थानीयवासी सुरक्षित ठाउँमा घर कहिले बनाउन पाइएला भन्ने आशमा छन्। मौसम पूर्वानुमान महाशाखाले यस वर्ष पनि वर्षा बढी हुने जानकारी गराएको छ र वर्षा सुरु भइसकेकाले मनाङवासी तथा विशेषगरी तालगाउँवासीमा त्रास बढेको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले बताउनुभयो।

सुरक्षित आवास अभावमा उनीहरूले भत्किएका संरचनामा बाढीले ल्याएको गिट्टी, बालुवा, ढुङ्गा हटाएर टिनको टहरा निर्माण गरी बसेको आचार्यले बताउनुभयो। उहाँका अनुसार गत मङ्सिरमा गण्डकी प्रदेश सरकारले दिएको रु दुई लाख र नार्सों गाउँपालिकाले दिएको रु एक लाखले अस्थायी टहरा मर्मत गरी बसेका छन्।

बाढीपीडितका लागि वर्षायाम अगावै स्थानान्तरण वा सुरक्षित बासको व्यवस्था गर्ने योजना तयारी गर्न नसकिएको प्रजिअ आचार्यले बताउनुभयो। गत वर्ष मर्स्याङ्दी नदीको बाढीले तालगाउँ र सिरानतालको बस्ती तहसनहस पारेको थियो।

# मुस्ताङ र डोल्पा जोड्ने सडक निर्माण तीव्र

पोखरापत्र संवाददाता
म्याग्दी, ३० जेठ

गण्डकीको मुस्ताङ र कर्णाली प्रदेशको डोल्पा जोड्ने सडक निर्माणले तीव्रता पाएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको मनाङ-मुस्ताङ-डोल्पा-जुम्ला सडक आयोजनाअन्तर्गत सडक डिभिजन कार्यालय बागलुङले मुस्ताङको बारागुङ मुक्तिक्षेत्र र डोल्पाको छार्का ताङसोङ गाउँपालिका जोड्ने सडक निर्माणलाई गति प्रदान गरेको हो। सडक डिभिजन कार्यालयका अनुसार मुस्ताङ र दुवैतर्फबाट क्रमागत योजनाको रुपमा पछिल्लो पाँच वर्षयता सडक निर्माण भइरहेको छ। डिभिजनका सवइञ्जिनियर टोपबहादुर थापाले चालु आर्थिक वर्ष २०७८/७९ मा पनि प्रतिस्पर्धाबाट छनोट भएको निर्माण कम्पनीले डोल्पा जोड्ने सडक निर्माण थालेका जानकारी दिनुभयो। "एक्लेभट्टिदेखि मुस्ताङको अन्तिम मानवबस्ती साङ्ता हुँदै ४० किलोमिटर मार्ग खोलिसकेको छ", उहाँले भन्नुभयो, "यसपालि एक लाख ८७ हजार घनमिटर कटिङ र तीन हजार ५१० घनमिटर ग्याबियन पर्खाल लगाउने थालिएको छ।" विसं २०७८ चैत १७ गते रु चार करोड ६४ लाख ८२ हजार २६७ मा जागृति-कुन्सालीङ जेभीसँग ठेक्का सम्झौता भएको थियो। विसं २०८० असोज २० गतेसम्म सम्झौताको म्याद छ। निर्माण कम्पनीका प्रतिनिधि जीवन रोकायाले भौगोलिक रुपमा विकट र दुर्गम तथा हिमपात हुने भएकाले यही बर्खायाममा सम्पन्न गर्ने लक्ष्यसहित तीव्रता दिएको बताउनुभयो।

दुई वटा एक्साभेटर (डोजर)ले अहिले सडकको मार्ग खन्ने काम गरिरहेका छन्। केही दिनमै ग्याबियन पर्खाल निर्माण गर्न थप मजदुर परिचालन गरिने प्रतिनिधि रोकायले बताउनुभयो। समुद्री सतहदेखि चार हजार मिटरभन्दा बढीको उचाइमा सडक निर्माण भइरहेको छ। मुस्ताङतर्फबाट डोल्पाको सिमाना याकखर्कसम्म सडक पुऱ्याउन लागिएको हो। डोल्पातर्फबाट मुस्ताङको सिमाना नजिकसम्म सडक जोडिएको छ।

एघार मिटर फराकिलो सडक निर्माण गर्न लागिएको हो। यो सडकलाई आर्थिक वर्ष २०७६/०७७ मा रु ११ करोड, २०७५/०७६ मा रु चार करोड बजेट विनियोजन भएको थियो। मुस्ताङबाट निर्वाचित प्रतिनिधिसभा सदस्य प्रेमप्रसाद तुलाचनले डोल्पा जोड्ने सडकले दुई प्रदेशको आन्तरिक व्यापार, पर्यटन विकास र स्थानीयवासीलाई आवतजावतमा सहज हुने बताउनुभयो। हप्तौं लगाएर मुस्ताङ आउने उत्तरी डोल्पावासी एकै दिनमा आउन सक्नेछन्। घोडा, खच्चर, याक र चौरीमा बोकाएर सामान ढुवानी गर्नुपर्ने बाध्यता हट्ने जनाइएको छ।

# प्रधानमन्त्रीको भ्रमणबारे जानकारी माग

रासस
काठमाडौं, ३० जेठ

प्रतिनिधिसभाका सांसदहरुले प्रधानमन्त्री शेरबहादुर देउवाको आगामी असार अन्तिम साता संयुक्तराज्य अमेरिकामा हुने भनिएको भ्रमणबारे जानकारी माग गर्नुभएको छ। प्रतिनिधिसभाको अन्तर ाष्ट्रिय सम्बन्ध समितिको आज बसेको बैठकमा परराष्ट्र नीति कार्यान्वयनसम्बन्धी भएको छलफलमा उहाँहरुले प्रधानमन्त्रीले गर्ने कुनै पनि भ्रमण अघि सबै दलसँग आवश्यक छलफल र परामर्श गर्दा उपयुक्त हुने धारणासमेत व्यक्त गर्नुभयो।

बैठकमा समिति सदस्य एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले परराष्ट्र नीति कार्यान्वयन सम्बन्धमा विगतदेखि नै भएका गतिविधि समीक्षा गरेर अघि बढ्नुपर्ने बताउँदै नीति कार्यान्वयनलगायत विषयका लागि राष्ट्रिय शक्तिका बीचमा छलफल गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। भ्रमणका सम्बन्धमा समिति, संसद् र सम्पूर्ण देशलाई जानकारी हुनुपर्ने बताउँदै यस विषयमा परराष्ट्रमन्त्रीको धारणा आवश्यक रहेको उल्लेख गर्नुभयो। परराष्ट्र नीति कार्यान्वयन गर्दा छिमेकी मुलुकलाई सशङ्कीत बनाउने काम गर्न नहुने उहाँको धारणा थियो। समिति सदस्य एवं पूर्वउपप्रधानमन्त्री डा भीम रावलले प्रधानमन्त्री देउवाको भ्रमणबारे प्रधानमन्त्री र परराष्ट्रमन्त्रीलाई समितिमा आमन्त्रण गरेर स्पष्ट पार्नुपर्ने माग गर्नुभयो। समिति सदस्य पूर्वपरराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले प्रधानमन्त्री विदेश भ्रमणमा जाँदा सबै दलसँग परामर्श गरेर एक बोलीका साथ जाँदा उपयुक्त हुने बताउनुभयो। उहाँले कुनै छिमेकीलाई चिढाउने र कुनै छिमेकीलाई रिझाउने गरी पराराष्ट्र नीति कार्यान्वयन गर्न नहुनेमा जोड दिनुभयो।बैठकमासांसददिव्यमणि राजभण्डारीले विगतमा सरकार प्रमुखले रातिराति गोप्यरुपमा भेटघाट गर्ने गरेको प्रसङ्ग उल्लेख गर्दै अहिलेका भेटघाट पारदर्शी भएको बताउनुभयो। उहाँले विदेशीसँगका सबै भेटवार्ता पारदर्शी हुनुपर्ने विचार व्यक्त गर्नुभयो। उहाँले नेपालमा कति कुन पेशासँग सम्बन्धित विदेशी छन् भन्ने सम्बन्धमा कुनै देश लक्षितभन्दा पनि सम्पूर्ण विवरणबारे जानकारी राख्नुपर्ने बताउनुभयो। सांसद सुरेन्द्रकुमार कार्कीले नयाँ परिवेशमा परिमार्जित ढङ्गले शान्तिको प्रस्ताव अघि बढाउनुपर्ने अवस्था आएको उल्लेख गर्दै यसमा सबै पार्टी र सरकार मिलेर छिमेकीसँग वार्ता गर्न सुरु गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

समिति सभापति पवित्रा निरौला (खरेल)ले आगामी बैठकमा प्रधानमन्त्री र परराष्ट्रमन्त्रीलाई आमन्त्रण गरेर भ्रमणबारे स्पष्ट पार्न आग्रह गर्ने बताउनुभयो। बैठकमा सांसदहरु लीलादेवी सिटौला, चाँद ताराकुमारी, मोहन बानियाँ, नारदमुनी राना, पुष्पाकुमारी कर्णलगायतले परराष्ट्र नीति कार्यान्वयन सम्बन्धमा आफ्ना धारणा व्यक्त गर्नुभएको थियो।